# घर घरमा प्राङ्गारिक मल उत्पादन सहयोग कार्यक्रम सञ्चालन मापदण्ड, २०७७

(मन्त्रीस्तरबाट स्वीकृत मिति २०७७।०६।१४)

**प्रस्तावनाः** प्राङ्गारिक उत्पादनलाई प्रोत्साहन गरी पर्यावरणीय स्वस्थता कायम गर्दै स्वस्थ कृषि उपजको उत्पादन र उपभोगमा जोड दिँदै कृषि प्रणालीलाई दिगो बनाउने उद्देश्यका साथ घर घरमा प्राङ्गारिक मल उत्पादन सहयोग कार्यक्रम सञ्चालन गर्न "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशले यो मापदण्ड बनाएको छ।

**१) प्राविधिक पक्षः**

क) यस कार्यक्रममा सहभागी हुन कृषक समूह वा कृषि सहकारी संस्थाले कम्तीमा १० घरधुरी संलग्न हुने गरी क्लष्टर बनाई अभियानका रुपमा संचालन गर्ने गरी प्रस्ताव पेश गर्न सक्नेछन्।

ख) कार्यक्रममा संलग्न हुने प्रत्येक घरधुरीले कम्तीमा १ रोपनी क्षेत्रफलमा फलफूल वा तरकारी वा नगदेबालीको खेती गरेको हुनुपर्नेछ।

ग) घर घरमा प्राङ्गारिक मल उत्पादन सहयोग कार्यक्रममा संलग्न हुने प्रत्येक घरधुरीले देहायका मध्ये कम्तीमा एक प्याकेज कार्यक्रम संचालन गर्नुपर्नेछ।

(अ) भकारो सुधार गर्ने, झोल मल र जीवामृत तयार गर्ने ।

(आ) भर्मिकम्पोष्ट उत्पादन गर्ने।

घ) भकारो सुधारः भकारो सुधार गर्दा कार्यक्रममा संलग्न हुने प्रत्येक घरधुरीले देहाय बमोजिमका कार्यहरु गर्नुपर्नेछ।

(अ) कम्तीमा दुई वटा पशुका लागि भुँइबाट पिसाब नचुहिने गरी पक्की गर्नुपर्ने,

(आ) पिसाब संकलन ट्याङ्कीको व्यवस्था गर्नुपर्ने,

(इ) भकारो अर्थात मलखाद फाल्ने खाडललाई घामपानीबाट जोगाउनका लागि छानोको व्यवस्था गर्नुपर्ने।

ङ) भर्मिकम्पोष्टः

(अ) "भर्मिकम्पोष्ट" भन्नाले पातपतिङ्गर, गोबर र सोतर, जुटको पुरानो बोरा, भान्साको फोहरमैला आदि गड्यौंलालाई दिएर गड्यौलाले त्यसलाई खाएर पचाइ गरेको विष्टा सम्झनु पर्छ।

(आ) भर्मिकम्पोष्ट निर्माण गर्दा प्रत्येक घरधुरीले ३.५ मिटर लम्बाई र ३.० मिटर चौडाईको छाना सहितको ३ मिटर लम्बाई र १ मिटर चौडाइको कम्तीमा २ वटा भर्मिवेड तयार गर्नुपर्नेछ। साथै प्रत्येक घरधुरीले कम्तीमा २००० वटा गड्यौंला खरिद गरी प्रयोग गर्नुपर्नेछ।

च) झोलमलः झोलमल बनाउँदा घर वरपर वा स्थानीयस्तरमा उपलब्ध अमिलो, टर्रो झारपात वा वनस्पतिहरु टुक्राएर गाईवस्तुको पिसाबमा सख्खर वा भेली मिसाई ड्रममा बन्द गरेर राखी सडाई बनाउनु पर्नेछ।

छ) जीवामृतः

(अ) "जीवामृत" भन्नाले माटोमा सुक्ष्म जीवाणुको क्रियाकलाप वृद्धि गर्न तयार गरिएको झोल सम्झनु पर्छ ।

(आ) जीवामृत बनाउँदा गाईवस्तुको पिसाब, गोबर, सख्खर, प्राङ्गारिक माटो र बेसन मिसाई हप्ता दिनसम्म गलाई ड्रममा राखी तयार गर्नु पर्नेछ ।

**२) आर्थिक पक्षः**

स्वीकृत वार्षिक बजेटको परिधि भित्र रही देहायका कार्यहरु मध्ये एक वा एक भन्दा बढी कार्यका लागि कुल लागतको बढीमा ९० प्रतिशतसम्म अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ। प्रति घरधुरी अनुदानको अधिकतम सीमा रु. पच्चीस हजार हुनेछ।

क) भकारो सुधारको लागि प्रति घरधुरी बढीमा पन्ध्र हजार रुपैंयाका दरले अनुदान सहयोग।

ख) छाना सहितको भर्मिबेड निर्माण र गड्यौला खरिदको लागि प्रति घरधुरी बढीमा पच्चीस हजार रुपैंयाका दरले अनुदान सहयोग।

ग) झोल मल बनाउन आवश्यक पर्ने प्लाष्टिकको ड्रम, काट्ने हतियार (जस्तै हँसिया), गुड वा भेली र बाटा/बाल्टी आदि सामग्री खरिदको लागि प्रति घरधुरी बढीमा पाँच हजार रुपैंयाका दरले अनुदान सहयोग।

घ) जीवामृत बनाउन आवश्यक पर्ने प्लाष्टिकको ड्रम, बेसन, गुड र बाटा/बाल्टी आदि सामग्री खरिदको लागि प्रति घरधुरी बढीमा पाँच हजार रुपैंयाका दरले अनुदान सहयोग।

**३) प्रस्ताव मूल्याङ्कनका आधार**

| क्र.सं. | मुल्याङ्कनको आधार | अङ्कभार |
|---|---|---|
| **१** | **खेती गरिएको जमिन** | **२०** |
| क) | क्लष्टरमा कुल २० रोपनी वा सो भन्दा बढी क्षेत्रफलमा तरकारी वा फलफूल वा नगदेबालीको खेती गरिएको | २० |
| ख) | क्लष्टरमा कुल २० रोपनी भन्दा कम क्षेत्रफलमा तरकारी वा फलफूल वा नगदेबालीको खेती गरिएको | १० |
| **२.** | **अनुदानको अवस्था** | **१०** |
| क) | पछिल्लो दुई आ.व. मा कृषि सम्बन्धी कार्यको लागि अनुदान प्राप्त नगरेको | १० |
| ख) | पछिल्लो दुई आ.व. मा प्राङ्गारिक मल निर्माण सम्बन्धी कार्यको लागि अनुदान प्राप्त नगरेको | ५ |
| **३.** | **लाभान्वित घरधुरी** | **१०** |
| क) | क्लष्टरमा २० भन्दा बढी घरधुरी संलग्न हुने | १० |
| ख) | क्लष्टरमा १५ देखि २० घरधुरी संलग्न हुने | ७ |
| ग) | क्लष्टरमा १० देखि १५ घरधुरी संलग्न हुने | ४ |
| **४.** | **प्राङ्गारिक खेतीको अवस्था** | **१०** |
| क) | प्राङ्गारिक खेती गरिरहेको क्लष्टर | १० |
| ख) | प्राङ्गारिक खेती नगरेको क्लष्टर | ५ |
| | **जम्मा** | **५०** |

**४) प्रस्तावसँग संलग्न गर्नुपर्ने कागजातहरुः**

(क)“बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७” को दफा (१६) को उपदफा (३) बमोजिमका कागजातहरु।

(ख) समूह/सहकारीको बैठक निर्णयको प्रतिलिपि।

**५) प्रस्तावको ढाँचाः**

**क. आवेदकको संक्षिप्त परिचय**

| | |
|---|---|
| आवेदक संस्थाको नामः | ठेगानाः |
| कार्यक्रम संचालन गरिने स्थानको ठेगानाः | अध्यक्षको नामः<br>सम्पर्क नं- |
| सम्पर्क व्यक्तिः<br>सम्पर्क नं | संलग्न हुने कृषक घरधुरी संख्याः |

ख) **सम्बन्धित खेती/व्यवसाय सम्बन्धी विवरण**

| क.सं. | कार्यक्रममा सहभागी हुन चाहने कृषकहरुको नाम | तरकारी/फलफूल/नगदे बाली को खेती गर्ने कुल क्षेत्रफल (रोपनी) | हाल उत्पादन गरिहेको प्राङ्गारिक मलको परिमाण | कार्यक्रम संचालनबाट थप उत्पादन हुने परिमाण | कृषकको सम्पर्क नं |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

(ग) संचालन हुने क्रियाकलापहरुः

| क.सं. | क्रियाकलाप विवरण | एकाइ | परिमाण | दर | जम्मा लागत | कार्यालयको अनुदान | अनुदानग्राहिको साझेदारी रकम |
|---|---|---|---|---|---|---|---|
| १ | लागत साझेदारीमा संचालन हुने | | | | | | |

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| २ | आफ्नै लगानीमा संचालन हुने | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | जम्मा | | | | | | |

घ) माग गरेको जम्मा अनुदान रकमः

ङ) अन्य विषय केही भए उल्लेख गर्नुहोस्।